आज मिति २०८३/०२/२० गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख श्री ईश्वर नारायण मानन्धरज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ५५औं बैठकमा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री ईश्वर नारायण मानन्धर | नगर प्रमुख | | |
| २ | श्री कमला वस्नेत | नगर उपप्रमुख | | |
| ३ | श्री विष्णुप्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री माधव थामी | वडा अध्यक्ष भी.न.पा. १ | | |
| ५ | श्री स्टालिन श्रेष्ठ | वडा अध्यक्ष भी.न.पा. २ | | |
| ६ | श्री हरिशरण शिवाकोटी | वडा अध्यक्ष भी.न.पा. ३ | | |
| ७ | श्री तारानाथ चौलागाई | वडा अध्यक्ष भी.न.पा. ४ | | |
| ८ | श्री बासु श्रेष्ठ | वडा अध्यक्ष भी.न.पा. ५ | अनुपस्थित | |
| ९ | श्री भारत प्रसाद खतिवडा | का.वा.वडा अध्यक्ष नं. ६ | | |
| १० | श्री बिनोद तामाङ | वडा अध्यक्ष भी.न.पा. ७ | | |
| ११ | श्री काजी बुढाथोकी | वडा अध्यक्ष भी.न.पा. ८ | | |
| १२ | श्री हिमाल श्रेष्ठ | वडा अध्यक्ष भी.न.पा. ९ | | |
| १३ | श्री गोपाल बहादुर थामी | कार्यपालिका सदस्य | | |
| १४ | श्री मुना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| १५ | श्री गोरे बहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १६ | श्री मिना विश्वकर्मा | कार्यपालिका सदस्य | | |
| १७ | श्री सुशिला थापा | कार्यपालिका सदस्य | | |
| १८ | श्री खेम कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| १९ | श्री भीम बहादुर भुजेल | कार्यपालिका सदस्य | | |
| २० | श्री किरण वली | कार्यपालिका सदस्य | | |
| २१ | श्री माधव प्रसाद सुवेदी | प्र.अ./लेखा व्यवस्थापक | | |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिक
नगर कार्यपालिकाको ५५औं बैठकका निर्णयहर
मिति : २०८३/०२/२०

<u>प्रस्तावहरु :</u>

प्रस्ताव नं. १ अघिल्लो बैठकको समीक्षा सम्वन्धमा ।

प्रस्ताव नं. २ :आ.व. २०८३/०८४ को नीति, बजेट तथा कार्यक्रमको बिस्तृत कार्यतालिका सम्वन्धमा ।

प्रस्ताव नं. ३ : राजश्व परामर्श समितिको सिफारिस सम्वन्धमा ।

प्रस्ताव नं. ४ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस सम्वन्धमा ।

प्रस्ताव नं. ५ : :यस नगरपालिकाको देहायको कार्यविधि सम्वन्धमा ।

क) सामुदायिक विद्यालय बस सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ ।

ख) सामुदायिक विकास कोष (स्थापना र सन्चालन) कार्यविधि, २०७७ (पहिलो संशोधन)

ग) सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८३

घ) औद्योगिक ग्राम/थामी संग्रहालय/दोलखा साँस्कृतिक संग्रहालय/फिल्म सिटी भवन सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

प्रस्ताव नं. ६ : अन्तराष्ट्रिय महिला सहकारी सम्मेलन-२०२६ मा सहभागिता सम्वन्धमा ।

प्रस्ताव नं. ७ यस नगरपालिकाको संगठन तथा सर्वेक्षण (O&M) सम्वन्धमा ।

प्रस्ताव नं. ८ : एस.ई.ई.मा नगर क्षेत्रभित्रका विद्यालयबाट 4 GPA प्राप्त गर्ने विद्यार्थीलाई पुरस्कृत गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ९ : कृषि बजारमा रहेको कोल्ड चेम्बर रहेको दुई तले भवन प्रयोग व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं. १० कार्यदलमा थप मनोनयन सम्वन्धमा ।

प्रस्ताव नं. ११ :: PAMS v२ को अनुशिक्षण कार्यक्रम सन्चालन सम्वन्धमा ।

प्रस्ताव नं. १२ : विपद व्यवस्थापनको भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. १३ : भीमेश्वर रङ्गशालाको पानी व्यवस्थापन तथा मर्मत सम्वन्धमा

प्रस्ताव नं. १४ दोलखा उद्योग वाणिज्य संघको कार्यालय व्यवस्थापन सम्वन्धमा

प्रस्ताव नं. १५: गणतन्त्र दिवसको भुक्तानी सम्वन्धमा

प्रस्ताव नं. १६ :: नेपाल नगरपालिका संघ अन्तर्गत महिला विभागको बैठकको भुक्तानी सम्वन्धमा

प्रस्ताव नं. १७ : आतिथ्यता सत्कार वापतको भुक्तानी सम्वन्धमा

प्रस्ताव नं. १८ : High Mast Light र CCTV जडान सम्वन्धमा

प्रस्ताव नं. १९ : बिद्युत व्यवस्थापन सम्वन्धमा

प्रस्ताव नं. २० : खानेपानी व्यवस्थापनको भुक्तानी सम्वन्धमा

प्रस्ताव नं. २१ आयोजना कार्यान्वयन गर्ने सम्वन्धमा

प्रस्ताव नं. २२ : नारायणदेउ - फुलपा सिंचाई कुलो सम्वन्धमा

प्रस्ताव नं. २३ : औद्योगिक ग्राम सन्चालन सम्वन्धमा

प्रस्ताव नं. २४ : विविध

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिक

नगर कार्यपालिकाको ५५औं बैठकका निर्णयहर

मिति : २०८३/०२/२८

क) नेपाल थामी समाज, दोलखाको अधिवेशन व्यवस्थापन खर्च माग सम्वन्धमा ।

ख) निशुल्क कोचिंग कक्षा १२ तयारीका लागि स्टेशनरी खर्च माग सम्वन्धमा ।

ग) बुद्ध जयन्ती व्यवस्थापन खर्च माग सम्वन्धमा । (चरिघ्यांग गुम्बा व्यवस्थापन समिति)

घ) बाल गृहमा रहेका बालबालिकाहरुलाई खेल सहायक सामग्री वितरणको भुक्तानी सम्वन्धमा ।

ङ) होम स्टे व्यवस्थापन सम्वन्धमा ।

च) पुनर्ताजकी तालिम संचालन सम्वन्धमा।

छ) लैसस परिक्षण सम्वन्धमा।

ज) कार्यशाला गोस्ठीमा सहभागिता सम्वन्धमा।

झ) डिही फसिभै एकीकृत योजना निर्माणको भुक्तानी सम्वन्धमा ।

ञ) सङ्केत बोर्डहरुको भुक्तानी सम्वन्धमा ।

ट) जिलु खापा व्यवस्थापनको भुक्तानी सम्वन्धमा ।

ठ) भीमेश्वर रङ्गशाला भवनको पार्टेशनको भुक्तानी सम्वन्धमा ।

ड) AC मर्मतको भुक्तानी सम्वन्धमा ।

ढ) चरिकोट - दोलखा सडक दाँयाबायाँ रहेका बिरुवा गोडमेल वापतको रकम भुक्तानी सम्वन्धमा ।

ण) योजना सम्वन्धमा ।

त) भुक्तानी सम्वन्धमा ।

थ) विपद व्यवस्थापन सम्वन्धी सामाग्री खरिद सम्वन्धमा ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

... नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिक

नगर कार्यपालिकाको ५५औं बैठकका निर्णयहर

मिति : २०८३/०२/२०

**निर्णय नं. १** : यस नगरपालिकाको मिति २०८३/०२/१२ गते बसेको कार्यपालिका बैठकको समीक्षा गरियो ।

**निर्णय नं. २** : भीमेश्वर नगरपालिकाको आ.व. २०८३/०८४ को नीति, बजेट तथा कार्यक्रमको बिस्तृत कार्यतालिका तपसिल बमोजिम स्वीकृत गर्ने।

| क्र.स. | मिति/ २०८३ | समय | कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| १ | जेष्ठ १९ | बिहान ८ बजे | राजस्व परामर्श समितिको बैठक | |
| २ | जेष्ठ २० | बिहान ८ बजे | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक | |
| ३ | जेष्ठ २० | दिउसो १ बजे | नगरकार्यपालिकाको बैठक ( बजेट निर्माण मार्गनिर्देशन समेत) | |
| ४ | जेष्ठ २५ | बिहान ११ बजे | सुझावको लागि नगर सभा सदस्यहरुसंग बैठक | सुझावको लागि |
| ५ | जेष्ठ २५ | बिहान ११ बजे | नगर बाल संजालसंग बैठक | |
| ६ | जेष्ठ २६ | बिहान ११ बजे | उद्द्योग बाणिज्य संघ र चेम्बर अफ कमर्ससंग बैठक (तालिम लिएका उद्द्यमी समेत) | |
| ७ | जेष्ठ २६ | दिउसो २ बजे | होटेल तथा पर्यटन व्यवसायीसंग बैठक | |
| ८ | जेष्ठ २७ | बिहान ८ बजे | अविवाहित एकल महिलासंग बैठक | |
| ९ | जेष्ठ २७ | बिहान ११ बजे | सामुदायिक बन उपभोक्ता महासंघ तथा गैससंग बैठक | |
| १० | जेष्ठ २७ | दिउसो २ बजे | जेष्ठ नागरिक, अपांग समितिसंग बैठक | |
| ११ | जेष्ठ २७ | दिउसो १ बजे | प्राथमिकता निर्धारण गरी वडा समितिले योजना तथा कार्यक्रम पेश गर्ने अन्तिम मिति | |
| १२ | जेष्ठ २७ | दिउसो ४ बजे | प्राथमिकता निर्धारण गरी शाखाले योजना तथा कार्यक्रम पेश गर्ने अन्तिम मिति | |
| १३ | जेष्ठ २८ | बिहान ११ बजे | नीति तथा कार्यक्रममा प्राप्त सुझाव माथि छलफल | |
| १४ | जेष्ठ ३० | बिहान ८ बजे | विषयगत समिति बैठक- सुशासन तथा संस्थागत क्षमता विकास समिति | |
| १५ | जेष्ठ ३० | दिउसो ११ बजे | विषयगत समिति बैठक-सामाजिक विकास समिति | |
| १६ | जेष्ठ ३१ | बिहान ८ बजे | विषयगत समिति बैठक-आर्थिकविकास समिति | |
| १७ | जेष्ठ ३१ | दिउसो ११ बजे | विषयगत समिति बैठक-बन, वातावरण तथा विपद व्यवस्थापन समिति | |
| १८ | असार १ गते | बिहान बजे | विषयगत समिति बैठक-पूर्वाधार विकास समिति | |
| १९ | असार ३ गते | बिहान ८ बजे | एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | |
| २० | असार ५ गते | बिहान ११ बजे | आर्थिक विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | |
| २१ | असार ५ गते | बिहान ३ बजे | बिनियोजन विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | |
| २२ | असार ८ गते | बिहान ११ बजे | नगर कार्यपालिकाको बैठक | |
| २३ | असार १० | बिहान ११ बजे | नगर सभाको अधिवेशन (नीति तथा कार्यक्रम/ बजेट तथा कार्यक्रम पेश गर्ने) | |
| २४ | असार ३० | बिहान ११ बजे | आ. व. २०८३/८४ को बजेट पुस्तिका सार्वजनिकीकरण | |

**निर्णय नं. ३** : भीमेश्वर नगरपालिकाको राजश्व परामर्श समितिको निर्णय बमोजिम आ.व. २०८३/०८४ को तपसिल बमोजिमको राजश्व प्रक्षेपण स्वीकृत गर्ने ।

| क्र.स. | विवरण | अनुमानित आय | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक राजश्व | ४,६६,५०३९५ | |
| २ | मालपोत रजिष्ट्रेशन दस्तुर | ९०,००,००० | |
| ३ | स्थानीय कर दहत्तर बहत्तरं | ३५,००,००० | |
| ४ | बिज्ञापन कर | १२५००० | |
| ५ | सङ्घीय समानीकरण अनुदान | १६,२०,००००० | |
| ६ | सङ्घीय राजश्व बाडफाड | १०३८२८००० | |
| ७ | प्रदेश समानीकरण अनुदान | १५४००००० | |
| ८ | प्रदेश राजश्व बाडफाड | ४६,७०००० | |
| **जम्मा** | | ३८७२०३३९५ | |

**निर्णय नं. ४** : भीमेश्वर नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय बमोजिम आ.व. २०८३/०८४ को तपसिल बमोजिमको स्रोत अनुमान र बजेट प्राथमिकीकरण सीमा निर्धारण स्वीकृत गर्ने ।

**निर्णय नं. ५** : यस नगरपालिकाद्वारा तयार पारिएका देहायको कार्यविधि अध्ययन गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने ।

क) सामुदायिक विद्यालय बस सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ ।

ख) सामुदायिक विकास कोष (स्थापना र सन्चालन) कार्यविधि, २०७७ (पहिलो संशोधन)

ग) सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८३

घ) औद्योगिक ग्राम/थामी संग्रहालय/दोलखा साँस्कृतिक संग्रहालय/फिल्म सिटी भवन सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**निर्णय नं. ६** : राष्ट्रिय सहकारी महासंघ लि. नेपालको आयोजनामा मिति २०८३ असार ६ देखि ७ गतेसम्म ललितपुरमा हुने अन्तराष्ट्रिय महिला सहकारी सम्मेलन-२०२६ मा लाग्ने दर्ता शुल्क रु ५,०००/- (पाँच हजार) नगरपालिकाले व्यहोर्ने गरी यस नगरपालिकाबाट नगर उपप्रमुख श्री कमला बस्नेतको सहभागिता हुने ।

**निर्णय नं. ७** : संगठन तथा व्यवस्थापन सम्वन्धी सर्वेक्षण (O&M) राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम यस नगरपालिकाको सुशासन तथा व्यवस्थापनका लागि नेपाल सरकारबाट मिति २०७५/०९/०९ मा स्वीकृत गरी पठाएको दरवन्दीमा स्थानीय सरकार सन्चालन ऐन, २०७४ बमोजिम ५ (पाँच) वटा विषयगत समितिको कार्यक्षेत्रलाई मानी ५ (पाँच) वटा महाशाखा रहने संगठन तथा व्यवस्थापन सम्वन्धी सर्वेक्षण (O&M) मापदण्डको बुँदा १० (४) बमोजिम हालको दरवन्दीको सन्चालन लागतको १० प्रतिशत सीमाभित्र रही र बुँदा ११ (क) को अनुपातमा रही उपनिर्देशक (नवौ-प्रशासन) १, डिभिजनल ईन्जिनियर (नवौ-प्राबिधिक) २, कानून अधिकृत (सातौ) १ र सूचना प्रविधि ईन्जिनियर (सातौ) १ गरी जम्मा ५ (पाँच) वटा दरवन्दी थप गरी संगठन तथा

व्यवस्थापन सम्वन्धी सर्वेक्षण (O&M) प्रतिवेदन सहमतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बागमती प्रदेश, हेटौडामा पठाउने ।

**निर्णय नं. ८** : राष्ट्रिय परीक्षा बोर्डबाट २०८२ सालमा लिएको SEE परीक्षामा यस नगरपालिका वडा नं. ३ स्थित पशुपति कन्यामन्दिर माध्यमिक विद्यालयमा अध्ययनरत छात्रा अर्पिता खड्काले जिल्लाकै सर्वोत्कृष्ट अंक सहित ४ GPA ल्याउन सफल हुनुभएकोले निजलाई प्रोत्साहन स्वरूप रु ६६,६६६/- (छैसट्ठी हजार छ सय छैसट्ठी) रुपैया नियमानुसार कर कट्टा गरी सम्मान सहित प्रदान गर्ने ।

**निर्णय नं. ९** : भीमेश्वर नगरपालिका वडा नं. ३ कृषि बजारस्थित कोल्ड चेम्बर रहेको दुई तले भवनको भर्याँगसँग जोडिएको भुई तलाको १ कोठा र सो को माथि रहेको १ कोठा लामाचौर सामुदायिक वन उपभोक्ता समिति, भीनपा ३ लाई कार्यालय सन्चालन तथा व्यवस्थापन गर्न उपलव्ध गराउने ।

**निर्णय नं. १०** : यस नगरपालिका क्षेत्रभित्र सन्चालन भईरहेको तिन पाङ्ग्रे सवारी साधन (अटो रिक्सा) लाई व्यवस्थित रुपमा सन्चालन गर्नका लागि नगर कार्यपालिकाको मिति २०८३/०२/१२ गतेको निर्णय बमोजिम ३ नं. वडाका वडाध्यक्ष श्री हरिशरण शिवाकोटीको संयोजकत्वमा तपसिल बमोजिमका ३ सदस्यीय कार्यदल गठन भएकोमा उक्त कार्यदलमा तपसिल बमोजिम थप ३ जना सदस्य थप गर्ने ।

**तपसिल**

| | | |
|---|---|---|
| सदस्य | श्री स्टालिन श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २ |
| सदस्य | दोलखा उद्योग वाणिज्य संघ, | प्रतिनिधि |
| सदस्य | दोलखा चेम्बर अफ् कमर्श, | प्रतिनिधि |

**निर्णय नं. ११** : भीमेश्वर नगरपालिका अन्तर्गत वडा कार्यालय सबै (९ वटा) र स्वास्थ्य चौकी सबै (६ वटा) का सार्वजनिक सम्पत्ति अभिलेख व्यवस्थापनका लागि वडास्तरमै गई PAMS-v२ को अनुशिक्षण तथा तालिम कार्यक्रम सन्चालनका लागि ब.सि.नं. ३७ बाट रु २,००,०००/- (दुई लाख) बिनियोजन गर्ने ।

**निर्णय नं. १२** : भीमेश्वर नगरपालिका वडा नं .४ स्थित गोवर्दने सेतीदेवी पिपलबोट सडक, फसिभै सडक र भटमासे जिलु सडकको मछिन्द्रे सुपुलुंगामा आएको पहिरो पन्छाउने र सडक सतह मिलाउने कार्यको कार्य मूल्यांकन, वडा समितिको निर्णय र सिफारिसका आधारमा सि.नं. ४३४ बाट भुक्तानी गर्ने ।

**निर्णय नं. १३** : भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित भीमेश्वर रङ्गशाला (टुडिखेल) भवनमा वर्षा अगाडि नै कन्स्ट्रक्सन जोइन्ट र शौचालयको पानी व्यवस्थापन तथा पार्टेशन कार्यको सि.नं. ३०६ बाट भुक्तानी गर्ने ।

**निर्णय नं. १४** : दोलखा उद्योग वाणिज्य संघको कार्यालय व्यवस्थापनका लागि टेबल ३ थान र कुर्सि ३ थान तथा दोलखा चेस होम नेपालले सिमपानी हलको बत्ती मर्मत तथा शौचालय मर्मतको लागि सहयोगको माग भई आएकोले सो कार्यका लागि सि.नं. ६८ बाट भुक्तानी गर्ने ।

**निर्णय नं. १५** : गणतन्त्र दिवस मूल समारोह समितिको आयोजनामा जेठ १५ गते सन्चालन भएको गणतन्त्र दिवस व्यवस्थापन गरे बापत खर्च भएको रु ८९,६००/- (उनन्नब्बे हजार छ सय) सि.नं. १७७ बाट भुक्तानी गर्ने ।

विष्णु प्रसाद सुवेदी ... शरण मानन्धर
प्रमुख

**निर्णय नं. १६ :** नेपाल नगरपालिका संघ, केन्द्रीय कार्यालय अन्तर्गत महिला बिभाग बैठक भीमेश्वर नगरपालिकामा सम्पन्न भएकोले उक्त बैठक सन्चालन तथा व्यबस्थापन गर्दा खर्च भएको रकम रु २,००,०००/- (दुई लाख) सि.नं. १७७ बाट भुक्तानी गर्ने ।

**निर्णय नं. १७ :** बुढानिलकण्ठ नगरपालिका वडा नं ३ बाट यस नगरपालिकामा अवलोकन भ्रमणका लागि आएका जेष्ठ नागरिकहरुलाई आतिथ्यता सत्कार गर्दा खर्च भएको रकम सि.नं. १७७ बाट भुक्तानी गर्ने ।

**निर्णय नं. १८ :** बागमती प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत High Mast Light र CCTV खरिद र जडान शीर्षकमा विनियोजित बजेटबाट High Mast Light जडानका लागि टेन्डरबाट बचत हुन आएको रकमबाट बजार क्षेत्रको CCTV मर्मत र High Mast Light को विद्युत जडान सम्वन्धी कार्य गर्ने । उक्त High Mast Light १ थान चरिकोट बसपार्कमा र १ थान भीनपा २ स्थित पाखलती बजारमा जडान गर्ने ।

**निर्णय नं. १९ :** भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित कृषि बजारमा रहेको कोल्ड चेम्बर रहेको भवनमा विद्युत व्यवस्थापन गर्ने ।

**निर्णय नं. २० :** यस नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न खानेपानी मुहान संरक्षण तथा मर्मत गर्दा खर्च भएको रकम रु १२०६५३/- (एक लाख बीस हजार छ सय त्रिपन्न) सि.नं. ५८ बाट भुक्तानी गर्ने ।

**निर्णय नं. २१ :** यस नगरपालिकाको आ.व. २०८२/०८३ को सि.नं. ३४९ को स्वास्थ्य क्षेत्रमा स्वयंसेवक परिचालन कार्यक्रममा विनियोजित रकम रु २,००,०००/- (दुई लाख) बाट तपसिलको योजनाहरुमा बिनियोजन गर्ने ।

क) महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहनस्वरूप ओभन वितरण तथा सरसफाई सामाग्री वितरण रु १ लाख

ख) सुनौलो हजार दिनका आमा तथा बच्चाहरुको पोषणस्थिति सुधार गर्ने रु १ लाख

**निर्णय नं. २२ :** भीमेश्वर नगरपालिका वडा नं. २ स्थित नारायणदेउ- फुलपा सिंचाई कुलो अन्तर्गत मतान्दिलो खण्डमा पाईप व्यवस्थापनका लागि लागत अनुमान अनुसारको रकम सि.नं. १९२ बाट भुक्तानी गर्ने ।

**निर्णय नं. २३ :** यस नगरपालिकामा स्रोतमा नै फोहर वर्गीकरण गरी फोहरमैला व्यवस्थापन कार्य गरिरहेकोमा अन्तरराष्ट्रिय मन्चमा नगरपालिकाको प्रतिनिधित्व गरी फोहरमैला व्यवस्थापन कार्यलाई थप व्यवस्थित गर्न, फोहरमैला व्यवस्थापनको अन्तराष्ट्रिय अभ्यास अध्ययन तथा लागू गर्न International Zero-waste City Network/BCRC, China को सदस्य भएको र Basel Convention Regional Centre for Asia and the Pacific (BCRC- China) बाट मित्रराष्ट्र चीनको सांघाईमा मिति २०८३ असार २०-२३ (तदनुसार २०२६ जुलाई ४-७) सम्म आयोजना हुने First General Assembly of the International Zero-waste City Network र International Conference on Waste Management मा 15 May, 2026 मा ईमेल मार्फत यस नगरपालिका र नगर प्रमुखलाई आमन्त्रण भएकोमा

ब.सि.नं. ६० बाट व्ययभार व्यहोर्ने गरी यस नगरपालिकाबाट नगर प्रमुख श्री ईश्वर नारायण मानन्धरको नेतृत्वमा नगर उपप्रमुख श्री कमला बस्नेत लगायतको International Conference मा सहभागिता हुने कार्यक्रम स्वीकृत गर्ने । उक्त कार्यक्रम मार्फत यस नगरपालिकाको फोहरमैला व्यवस्थापनका लागि अन्तराष्ट्रिय सम्वन्ध विस्तार तथा समन्वय गर्न BCRC- China लाई अनुरोध गर्ने ।

**निर्णय नं. २४ :** भीमेश्वर नगरपालिका वडा नं. ७ भुलभुलेमा निर्माण भएको औद्योगिक ग्राममा उद्योग सन्चालनका लागि आवश्यक न्यूनतम् पूर्वाधार तयार भएकोले उक्त औद्योगिक ग्राममा उद्योग सन्चालन गर्न इच्छुक निजी क्षेत्र तथा संघ/संस्थाहरुलाई इच्छापत्र पेश गर्न आव्हान गर्ने ।

**निर्णय नं. २५ : विविध :**

क) नेपाल थामी समाज, दोलखाको अधिवेशन व्यवस्थापन खर्च माग भई आएकोमा रु २०,०००/- (बीस हजार) उपलव्ध गराउने ।

ख) निशुल्क कोचिंग कक्षा १२ तयारीका लागि गिरिजा प्रसाद फाउन्डेसनबाट स्टेशनरी खर्च माग वापतको रकम मा भई आएकोमा रु २५,०००/- (पच्चीस हजार) उपलव्ध गराउने ।

ग) बुद्व जयन्ती पर्व व्यवस्थापनका लागि चरिघ्यांग गुम्बा व्यवस्थापन समितिलाई रु २०,०००/- (बीस हजार) उपलव्ध गराउने ।

घ) बाल गृहमा रहेका बालबालिकाहरुलाई खेल सहायक सामग्री खरिद बिल बमोजिमको रकम भुक्तानी गर्ने ।

ङ) गौरीशंकर सामुदायिक होम स्टे, भीनपा ६ द्वारा यस नगरपालिका वडा नं. ६ स्थित सिमपानीमा सन्चालन हुने होम स्टे व्यवस्थापनका लागि सि.नं. १९४ बाट भुक्तानी गर्ने ।

च) दीपज्योति समाज सुधार संस्थाद्वारा यस नगरपालिकाको न्यायिक समिति तथा मेलमिलापकर्ताको लागि पुनर्ताजकी तालिम संचालनका लागि सि.नं. १८१ बाट भुक्तानी गर्ने ।

छ) असल शासन समन्वय समिति, दोलखाको सहजीकरणमा लैसास परीक्षण कार्यका लागि सि.नं. १४० बाट भुक्ता गर्ने ।

ज) यस नगरपालिकाको सि.नं. १७७ को बागमती प्रदेशस्तरीय पालिका उपप्रमुखको जिम्मेवारी सम्वन्धी कार्यशाला गोष्ठी शीर्षकमा विनियोजित रकम रु १० लाख विविध कारणवशः कार्यान्वायन हुन नसकेकोले बस्नेत टोल कुल नाला निर्माण, भीनपा ५ मा शिर्ष्कान्तर/रकमान्तर गर्ने ।

झ) डिही फसिभैं एकीकृत बस्तीको योजना निर्माण (फिल्ड सर्वेक्षण कार्य) को परामर्शदाताबाट सम्झौता बमोजिम कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरेकोले सि.नं.२९३ बाट भुक्तानी गर्ने ।

ञ) भीमेश्वर नगरपालिका वडा नं. २ को वडा कार्यालय जाने सङ्केत बोर्डहरुको भुक्तानी रु ४० हजार ६ सय ८० भुक्तानी गर्ने ।

ट) भीमेश्वर नगरपालिका वडा नं. ४ स्थित जिलु खानेपानी व्यवस्थापन वापत रु ६ हजार २ सय १५ भुक्तानी गर्ने

ठ) भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित भीमेश्वर रङ्गशाला (टुडिखेल) मा गरिएको पार्टेशन वापतको रु ८२ हजार ६ सय ३६ भुक्तानी गर्ने ।

ड) भीमेश्वर नगरपालिकाको कार्यालयमा रहेका AC हरुको मर्मत र सातदोवाटो सपिंग कम्प्लेक्स भवनको विद्युत मर्मत वापत रु १ लाख २८ हजार २ सय ५५ भुक्तानी गर्ने ।

ढ) चरिकोट - दोलखा सडकको दाँयाबायाँ रहेका बिरुवाहरु गोडमेल गर्दा खर्च भएको रकम रु १४ हजार ४० भुक्तानी गर्ने ।

ण) यस नगरपालिकाको आ.व. २०८२/०८३ को सि.नं. ४६४ को कागे- भिरौटा सिंचाई योजना विविध कारणले कार्यान्वयन हुन नसकेकोले पिपलबोट पानी ट्यांकी योजनामा शीर्षकान्तर गर्ने ।

त) चालु आ.व.मा परेको वर्षाका कारण अवरुद्ध विभिन्न खानेपानी तथा सिंचाई मर्मत वापतको रकम रु २५०००/- (पच्चिस हजार) सत्यम ट्रेड्र्स चरिकोट, दोलखालाई सि.नं ४७३ बाट भुक्तानी गर्ने ।

थ) सि.नं ४७३ को खानेपानी तथा सिंचाई योजनाको शिर्षकमा रहेको बाँकी रकम र सि.नं. ४६७ को चालिसे- कैजले नयाँ सडक योजनामा विनियोजित रकम रु २ लाख रकमबाट त्रिपाल, तरकारी खेतीको लागि टनेल प्लास्टिक र फोहर व्यवस्थापनका लागि डस्विन खरिद गर्ने ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३